मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागदुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३१३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ मंसिर २० गते शनिबार ❑ 6 Dec. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## सर्वदलीय बैठकमा प्रधानमन्त्रीको आग्रह : 'चुनाव कसरी सफल पार्ने भनेर सोचौँ'

**रासस**
काठमाडौं, १९ मंसिर

प्रधानमन्त्री सुशीला कार्कीले आगामी फागुन २१ गते जसरी पनि शान्तिपूर्ण, भयरहित वातावणमा निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता दोहोर्‍याउनुभएको छ।

प्रधानमन्त्रीले शुक्रबारबालुवाटारमा आह्वान गर्नुभएको सर्वदलीय बैठकलाई सम्बोधन गर्दै निर्वाचन आयोग, सुरक्षा निकायका सबै अङ्गलगायत निर्वाचनसँग प्रत्यक्ष जोडिएका राज्यका निकायहरू निर्वाचनका लागि तयार रहेको जनाउँदै प्रतिनिधिसभाको निर्वाचन फागुन २१ भन्दा पछाडि नजाने प्रतिबद्धता व्यक्त गर्नुभएको हो । उहाँले भन्नुभयो, "चुनाव हुन्छ कि हुँदैन भन्ने अब नसोचौँ, कसरी चुनाव सफल पार्ने भनेर सोचौँ, सबैले एकचित्तले सोचेमा चुनाव नहुने कुरै छैन, एक सय २६ वटै दलले चुनाव हुनुपर्छ भन्ने धारणा राख्नुपर्छ । हामी एकमत भयौँ भने निर्वाचनमा कसैले खलल पार्न सक्दैन, खराब तत्वले आक्रमण गर्न सक्दैन ।" उहाँले सुरक्षाको पहिलो कडी जनता नै भएको उल्लेख गर्दै त्यसपछि मात्र प्रहरी, सशस्त्र, भूतपूर्व सुरक्षाकर्मी भएको उल्लेख गर्नुभयो । प्रधानमन्त्री कार्कीले भन्नुभयो, "अहिलेको परिस्थितिमा हरेकले भनिरहेको एउटैमात्र बाटो निर्वाचन हो, यसबाहेक अर्को विकल्प छैन, हामी जेनजी आन्दोलनबाट आयौँ तर दलका विरोधी होइनौँ, राजनीतिक दललाई स्थापित गर्न नै चुनाव चाहिएको हो भनेर यहाँहरूले बुझ्नुपर्छ", उहाँले भन्नुभयो, "निर्वाचन आयोगले तत्कालै सक्रिय भएर निर्वाचनको तयारी अघि बढाएको छ, सुरक्षा निकायको प्रस्तुतिले हामी सक्रिय र सक्षम छौँ भनेको छ, सेनाले पनि आफ्नो काम सुरु गरिसकेको छ, प्रहरीले निरन्तर कानुनीराज स्थापनाका लागि काम गरिरहेको छ।"

प्रधानमन्त्री कार्कीले आज भएको सर्वदलीय बैठकले दलहरू पनि निर्वाचनका लागि तयार रहेको जनाएको उल्लेख गर्नुभयो। "आज जुन भेला भयो, अहिलेसम्मकै महत्त्वपूर्ण हो भन्ने लागेको छ, समग्रमा निर्वाचन होस् र हुनुपर्छ भन्ने आवाज नै यहाँ सबैको रह्यो, कहीँकतै आशङ्काका कारण छन् भने पनि तिनले हामीलाई सचेत गराउँछन् र अगाडि बढ्न मद्दत गर्छन् ।"

उहाँले भदौ २३ र २४ गते भएको आन्दोलनको स्मरण गर्दै एकताबद्ध भएर अगाडिको बाटो पहिल्याउन दलहरूलाई आग्रह पनि गर्नुभयो । उहाँले भन्नुभयो, "हामीकहाँ जुन घटना भयो, त्यसको विश्लेषण, व्याख्या समयक्रममा होला र निचोड पनि आउला, तर यस घटनाले राष्ट्रको जीवनमा ठूलो परिवर्तन ल्याइदियो । भइरहेको निर्वाचित र बलियो सरकार परिस्थितिलाई वशमा लिन विफल भयो ।" युवा विद्रोहपछि विकल्पका रूपमा वर्तमान सरकार अन्तरिमकालको व्यवस्थापनका लागि आएको प्रष्ट पार्दै सरकारको विरुद्धमा अदालतबाट अन्तरिम आदेश भएको परिस्थिति फरक हुनसक्ने बताउनुभयो । जेनजीदेखि सबै दल, निर्वाचन आयोग, सुरक्षा निकाय, नागरिक समाज सबै पक्षसँग निरन्तर र कयौँपटक छलफल गर्दै आएको र आशङ्काहरू निवारण गर्दै आएको उहाँको भनाइ छ। "मुलुकप्रति हामी सबैको दायित्व छ। मुलुकले एउटा बाटो पाओस्, जेनजी आन्दोलनको मागअनुसार मुलुकले गति र दिशा लेओस्, तर २३ गते निहत्था युवा मारिए, भोलिपल्ट आगजनी भयो । यो कसले किन गरेको, अध्ययनले बताउने नै छ", उहाँले भन्नुभयो।

तर, उहाँले आगजनी गर्ने बानी भयो भने भोलि जोकोहीले जोकसैलाई जलाउन सक्ने चिन्ता व्यक्त गर्दै हिंस्रक र हृदयविदारक अवस्थाको सामना गर्नु नपरोस् भनेर सबैले सोच्नुपर्नेमा जोड दिनुभयो। "काठमाडौँमा धेरै क्षति भयो, ललितपुरमा कम भयो । ललितपुरमा किन कम भयो भनेर पनि हेर्नुपर्छ, ललितपुरका जनताले धेरै ठाउँमा विध्वंशको प्रतिकार गरेको देखियो । यसरी खराब तत्वलाई रोक्ने सामर्थ्य पनि समाजमा हुनुपर्छ, हामीले आफ्नै छिमेकी, साथीभाइको घर किन जलाउनबाट जोगाउन सकेनौँ, यो चिन्ताको विषय हो । यसमा हामीले क्षमायाचना पनि गरौँ ।" उहाँले सरकारको कुनै पनि निजी स्वार्थ र आकाङ्क्षा नभएको प्रस्ट पार्दै केही अतिरिक्त प्राप्तिका लागि सरकारले कुनै पनि नगरेको बताउनुभयो।

## मुस्ताङ भन्सारमा चार अर्ब ४१ करोड बढी राजस्व सङ्कलन

**रासस**
मुस्ताङ, १९ मंसिर

नेपाल-चीन उत्तरी कोरला नाकास्थित लोमान्थाङ-२ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयले रु चार अर्ब ४१ करोड राजस्व सङ्कलन गरेको छ।

बाढीपहिरो र नदी कटानका कारण गत असार र भदौमा रसुवागढी नाका र तातोपानी नाका अवरुद्ध भएपछि कोरला नाका पूर्णरूपमा सञ्चालनमा आएसँगै यहाँको भन्सार कार्यालयको राजस्व सङ्कलनमा नयाँ उभार आएको हो। यहाँस्थित नेपाल-चीन मुस्ताङ भन्सार कार्यालयमार्फत रु नौ अर्ब ४८ करोड ३४ लाख बराबरको आर्थिक कारोबार भएको मुस्ताङ भन्सार कार्यालयका सूचना अधिकारी अमिन्द्र सिंहले जानकारी दिनुभयो । गत ३० भदौदेखि पूर्ण रूपमा सञ्चालनमा आएका यहाँको कोरला नाकाबाट बिहीबारसम्ममा चीनतर्फबाट रु नौ अर्ब ३४ करोड बढीको मालसामान आयात भएका कार्यालयका सूचना अधिकारी सिंहले बताउनुभयो । उहाँका अनुसार कोरला नाकास्थित चिनियाँ भन्सारबाट जाँचपास भई आएका विद्युतीय सवारीसाधन र मालबस्तु कन्टेनर ढुवानीका साधन भित्रिएका र तीनको यहाँको भन्सारमा जाँचपास गरेर गन्तव्यतर्फ पठाइने गरिएको बताउनुभयो । यसैगरी नेपालबाट हस्तकलालगायत मालवस्तुको चीनतर्फ निर्यात प्रयोजनका लागि भन्सार जाँचपास गर्दा रु १४ करोड ३४ लाख राजस्व सङ्कलन भएको भन्सार कार्यालयका सूचना अधिकारी सिंहको भनाइ छ । यहाँको कोरला नाका पूर्णरूपमा सञ्चालनमा आएपछि गएको साँढे दुई महिनाको अवधिमा यहाँको भन्सार कार्यालयमा एक हजार ७६१ वटा विद्युतीय सवारीसाधनको जाँचपास भइसकेर गन्तव्यतर्फ प्रस्थान गरेका मुस्ताङ भन्सारले जनाएको छ। हालसम्म एक हजार बढी ढुवानीका साधनको भन्सार जाँचपास भइसकेका छन्।

यहाँको मुस्ताङ भन्सार कार्यालयमा अझै १०० भन्दा बढी मालबाहक ढुवानीका साधन भन्सार जाँचपासको क्रममा रहेका सूचना अधिकारी सिंहले बताउनुभयो । उहाँका अनुसार कोरला नाकास्थित चिनियाँ भन्सारमा मालसामान ढुवानीका लागि करिब एक दर्जन बढी ढुवानीका साधन पुगेका र आंशिक रूपमा कोरला सडक हुँदै ढुवानीका साधन माथि आउने क्रममा रहेका सूचना अधिकारी सिंहले जानकारी दिनुभयो । यहाँको भन्सार कार्यालयमा १८ जनाको कर्मचारी दरबन्दी सृजना गरेको जनाइएको छ । यसअघि एक जना शाखा अधिकृत कार्यालय प्रमुख रहनेगरी सात जना दरबन्दी कायम रहेकामा उपसचिवस्तरको कार्यालय प्रमुख रहनेगरी १८ जनाको कर्मचारी दरबन्दी सृजना भएको मुस्ताङ भन्सारका सूचना अधिकारी अमिन्द्र सिंहले जानकारी दिनुभयो। भन्सार विभागले यहाँको भन्सारका लागि उपसचिवस्तरको एक जना कार्यालय प्रमुखसहित दुई जना शाखा अधिकृत, छ जना राजस्व हेर्ने नायब सुब्बा, एक/एक जना लेखपाल र कम्प्युटर अपरेटर, एक जना सवारी चालक र छ जना कार्यालय सहयोगीको दरबन्दी सृजना गरेको हो।

## मधेस प्रदेशका मुख्यमन्त्री पदमा यादव नियुक्त

**रासस**
काठमाडौं, १९ मंसिर

नेपाली कांग्रेस मधेस प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद यादव मधेस प्रदेशका मुख्यमन्त्री पदमा नियुक्त हुनुभएको छ।

मधेस प्रदेश प्रमुख सुरेन्द्रलाभ कर्णले यादवलाई आज मुख्यमन्त्री पदमा नियुक्त गर्नुभएको हो। नेपाली कांग्रेसका प्रदेशसभा सदस्य यादवलाई नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्री पदमा नियुक्त गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ।

मधेस प्रदेश प्रमुख कार्यालयका निमित्त सचिव सत्रुधन यादवले जारी गरेको विज्ञप्तिमा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा (माओवादी केन्द्र), लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेकपा (एकीकृत समाजवादी) सहित छ राजनीतिक दलका ७७ जना प्रदेशसभा सदस्यहरूको समर्थनमा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम मुख्यमन्त्री पदमा नियुक्त गर्नुभएको पत्रमा उल्लेख छ।

## प्रतिनिधिसभा निर्वाचनको तयारी तीव्र, यस्तो छ कार्यतालिका

**रासस**
काठमाडौं, १९ मंसिर

आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनको मिति आउन अब ९० दिन बाँकी छ।

निर्वाचनको दिन नजिकिँदै जाँदा निर्वाचन आयोगले आवश्यक तयारीलाई तीव्र पारेको छ। राजनीतिक दलहरूले पनि निर्वाचनलाई केन्द्रमा राखेर आन्तरिक तयारी तीव्र पारेका छन्। आयोगले निर्वाचन कार्यक्रमअन्तर्गत शनिबारदेखि नै समानुपातिकनिर्वाचनप्रणालीतर्फको कार्यक्रम सञ्चालन गर्ने भएको छ । सो कार्यक्रमअनुसार यही मङ्सिर २१ गते बिहान १०:०० देखि अपराह्न ४:०० बजेसम्म समानुपातिक निर्वाचन प्रणालीका लागि राजनीतिक दलले आवेदन दिने समयसीमा निर्धारण गरेको छ । समानुपातिकतर्फको निर्वाचनका लागि आवेदन दिएका राजनीतिक दलको सूची भने यही मङ्सिर २४ गते प्रकाशित हुनेछ । यसरी आवेदन दिएका राजनीतिक दलले आगामी पुस १३ र १४ गते बिहान १०:०० देखि अपराह्न ४:०० बजेसम्म उम्मेदवारको बन्दसूची पेस गर्ने समयसीमा निर्धारण गरिएको छ । यस्तै, आगामी माघ ३० गते भने समानुपातिकतर्फको उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशित हुने कार्यक्रम तय भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो।

प्रत्यक्षतर्फको निर्वाचन कार्यक्रमअनुसार आगामी माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ । सोही दिन नै उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम तय भएको छ । उम्मेदवारीमाथि आगामी माघ ७ गते विरोधमा उजुरी दिने अवधि तोकिएको छ।

आगामी माघ ८ गते उम्मेदवारको नामावली प्रकाशन हुनेछ । यस्तै, माघ ९ गते उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् । सोही दिन नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने र उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ।

## गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानद्वारा नवप्रवेशी कर्मचारीको सेवा प्रवेश तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

गण्डकी प्रदेश लोकसेवा आयोगबाट सिफारीस भइ स्थानीय तहमा कार्यरत रहेका कर्मचारीहरुको लागी सेवा प्रवेश तालिम सम्पन्न भएको छ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिषठानको आयोजना मंसीर १४ गते बाट संचालित सेवा प्रवेश तालीमको समापन समारोह प्रतिष्ठानका कार्यकारी निर्देशक सुरेंद्रबाबु तिवारीको अध्यक्षता एव गण्डकी प्रदेश सरकारका प्रमुख सचिव डन्डुराज घिमिरेको प्रमुख आथित्यतामा राष्ट्रीय परीक्षा बोर्डको सभाहलमा सम्पन्न भएको हो । समापन समारोहमा बोल्दै कार्यक्रमका प्रमुख आतिथि घिमिरे प्रदेश निजामती सेवाको शान, सेवा प्रवाहमा कुशलता एव पारदर्शिता कायम गर्नुमा रहने बताउदै स्थानीय तहमा जनताले आशा




राखेको औल्याउदै सेवा प्रवाह सुधारमा यो तालीम सहयोगी बन्ने कुरा बताएका थिए। प्रतिष्ठानका निर्देशक लक्ष्मण तिमिल्सिनाले स्वागत एव कार्यक्रमको समिक्षा प्रस्तुत गरेको समारोहको संचालन प्रतिष्ठानका प्रशिक्षण तथा अनुसन्धान अधिकृत इन्जिनियर मनोज पौडेलले गरेका थिए भने राष्ट्रीय परीक्षा बोर्ड प्रदेश कार्यालयका प्रमुख भाष्कराज पन्त सहभागीको तर्फबाट प्रतिक्षा डुम्रे पराजुली र कुबेर जंग मल्लले आफ्ना अनुभव सेयर गरेका थिए।

कुल ७२ जना सहायकस्तर चौथो र पाचौ तहका प्रशासन तर्फका कर्मचारी सहभागी पाच दिन सम्म संचालित सेवा प्रवेश तालिम सामाजिक विकास मन्त्रालयको सामाजिक विकास महाशाखाको हल र रास्ट्रिय परीक्षा बोर्डको हलमा संचालन भएको थियो।

स्थानीय तहका कर्मचारीको लागी दैनिक काममा सहजता ल्याउने गरी व्यवहारीक कक्षा संचालन गर्नुका साथै स्थानीय तहको काम कर्तव्य अधिकार, खरीद प्रक्रीया, बजेट निर्माण एव व्यवस्थापन, विकास योजना, भवन निर्माण मापदण्ड, योजना अनुगमन मुल्यांकन, जिन्सी व्यवस्थापन, अभिलेख व्यवस्थापनका विषयवस्तुमा सहजीकरण गरीएको प्रतिष्ठानका निर्देशक लक्ष्मण तिमिल्सिनाले बताए । प्रशासन तर्फका नब प्रवेशी सहायकस्तर कर्मचारीहरु प्रशासनिक ज्ञान संगै प्राविधिक ज्ञान पनि हुनु जरुरी भएकोले प्रविधिक विषयवस्तुलाई समेत ध्यानमा राखि अभ्यासको मार्फत प्रशिक्षण गरिएको तालिमका संयोजक तथा व्यवस्थापन इ. मनोज पौडेलले बताए। प्रतिष्ठानको आयोजनामा यही मंसीर २१ गते देखी प्राविधिक चौथो र पाचौ तहका कर्मचारीको सेवा प्रवेश तालिम संचालन गर्न लागेको प्रतिष्ठानका प्रशिक्षण तथा अनुसन्धान अधिकृत इन्जिनियर मनोज पौडेलले बताएका थिए।



# 'स्मृतिमा झलकमान र नारायण गोपाल साँझ' भव्य रुपमा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर



रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज पोखराको रजत वर्षको अवसरमा आयोजित "स्मृतिमा झलकमान र नारायण गोपाल साँझ" भव्य रुपमा सम्पन्न भएको छ। रेडियोले झलकमान गन्धर्व सारङ्गी पाठशाला र पोखरा महानगरपालिका वडा नम्बर ९ सँग मिलेर संयुक्त रुपमा आयोजना गरेको कार्यक्रम पोखरा महानगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानी र कवि, संस्कृतिकर्मी तीर्थ श्रेष्ठले संयुक्त रुपमा उद्घाटन गरेका थिए।

रेडियोको रजत वर्षको अवसरमा वर्षभरी १२ महिना १२ कार्यक्रम अन्तरगत मंसिर महिनाको कार्यक्रम अन्तरगत नेपाली साँगीतिक क्षेत्रका दुईजना स्रष्टा नारायण गोपालको मंसिर १९ र झलकमान गन्धर्वको मंसिर ६ गते परेको स्मृति दिवसको सन्दर्भमा कार्यक्रम आयोजना गरिएको स्टेसन म्यानेजर सञ्जय कुमार मल्लले जानकारी दिए। झलकमान गन्धर्व सारङ्गी पाठशालाले सारङ्गी संरक्षणमा गरिरहेको योगदानलाई ध्यान दिदैँ कार्यक्रममा जोडिएको बताए। पाठशालाका प्रतिभालाई यस्ता कार्यक्रमको अवसर आवश्यकता परेको महसुस आफूहरूले गरेको उनले उल्लेख गरे। यसमा सबैको साथ सर्पोट मिलेको उनले सुनाए। मुख्य साथ पोखरा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले दिएकोले कार्यक्रम भव्य हुन सघाएको उनको भनाइ थियो।

पोखराको महेन्द्रपुलमा रहेको फल्चामा भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले यो कार्यक्रमलाई निरन्तरता दिने प्रतिवद्धता जनाए। सारङ्गी पाठशालाका प्रतिभालाई बाहिर ल्याउने र थप अवसर सिर्जना गर्ने प्रयास स्वरुप कार्यक्रम गरिएको बताए।

यो कार्यक्रमप्रति सबैले देखाएको चासो प्रति उनले खुशी व्यक्त गरे। गीतकार समेत रहेका विशिष्ट अतिथि तीर्थ श्रेष्ठले झलकमान गन्धर्व र नारायण गोपालको बारेमा चर्चा गरेका थिए। उनले दुवै स्रष्टाले साँगीतिक क्षेत्रमा गरेको योगदानबारे फेहरिस्त सुनाएका थिए। जसका कारण उपस्थित दर्शकले स्रष्टाहरू बारेमा थप जानकारी पाउने अवसर प्राप्त गरे। कन्दरा व्याण्डका मुख्य भोकलिस्ट विवेक श्रेष्ठले सन्देशमूलक कार्यक्रम आयोजना भएको भन्दै खुशी व्यक्त गरे। कार्यक्रममा झलकमान गन्धर्व सारङ्गी पाठशालामा प्रशिक्षण गर्ने अविरल, शैलेश, क्रिस, दिपेश, सागर, प्रताप, युनिश, संस्कार, रेवाज, सम्पूर्ण र आविष्कारले प्रस्तुती राखेको पाठशालाका प्रशिक्षक समिर गायकले जानकारी दिए। कार्यक्रममा उनीहरूले स्वर सम्राट नारायण गोपाल र झलकमान गन्धर्वका गीत एक पछि अर्को गरेर सुनाउँदा उपस्थित दर्शकले खुलेर साथ दिए।

कार्यक्रममा उनीहरु आमाले सोध्लिन् नी खोइ छोरा भन्लिन... गीतबाट प्रस्तुती राख्न सुरु गरे। एक पछि अर्को गीत सुनाउदै दर्शकको ध्यान खिच्न उनीहरु सफल भए। अन्तिममा बोनस गीतको रुपमा पोखरेली अर्का स्रष्टा बुद्धि परियारको रेशम फिरिरि... गीत सुनाएर प्रस्तुतीको बिट मारेका थिए। कार्यक्रमलाई भव्य बनाउन प्रवर्द्धकको रुपमा पोखरा महानगरपालिका वडा नम्बर ३, वडा नम्बर ११, वडा नम्बर १२, वडा नम्बर १३, वडा नम्बर १४ र वडा नम्बर २६ सहित पोखरा इन्टरनेट, परिचय एडभरटाइजिङ, पालिखे ढाका टोपी, एसके साउन्ड, रूपाकोट ज्योति सुनचाँदी पसल, सिटीवान टेलिभिजन, ओरियन्ट फोटो स्टुडियो, गन्धर्व नाटकघर,गण्डकी प्रज्ञा प्रतिष्ठान, पोखरा प्रज्ञा प्रतिष्ठान, समय नेपाल डटकम र नेवा मिसः पुचः कास्की लगायतको सहयोग गरेका थिए। स्टेशन म्यानेजर सञ्जय कुमार मल्लको अध्यक्षतामा भएको कार्यक्रममा धन्यवाद ज्ञापन समाचार प्रमुख आर्जु विष्ट सल्यानी र कार्यक्रमको सञ्चालन राजाराम पौडेल र कञ्चन थापाले गरेका थिए।

रेडियोले हरेक वर्ष नारायण गोपालको स्मृतिमा नारायण गोपाल साँझ गर्दै आइरहेको थियो। रजत वर्षको अवसरमा यस अगाडि रेडियोले पोखरा १४ मा रहेको वात्स्यायन वृद्धाश्रममा खाद्यान्न तथा लत्ताकपडा सहयोग, बिभिन्न बहस मूलक कार्यक्रम, जेनजी आन्दोलनको क्रममा आगजनी र तोडफोड भएको जिल्ला प्रहरी कार्यालय कास्कीमा स्टेसनरी सामाग्री वितरण, प्रसिद्ध धार्मिक पर्यटकीय स्थलको रुपमा परिचित विन्ध्यवासिनी मन्दिर परिसरमा सरसफाइ, सम्झनामा आदीकवि विशेष कविता वाचन, झलकमान गन्धर्व सारङ्गी पाठशालाका विद्यार्थीलाई राष्ट्रिय पोशाक सहयोग लगायतका काम गरिसकेको छ।

# २१ औं लेखनाथ महोत्सवको तयारी तिव्र

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर

लेखनाथ उद्योग वाणिज्य संघले आगामी पुस ३ देखि १४ गतेसम्म हुने २१ औं संस्करणको लेखनाथ महोत्सव तयारी तीव्र पारेको छ।

महोत्सव सम्पन्न गर्न १० सदस्यीय निर्देशक समिति, ४८ सदस्यीय महोत्सव सल्लाहकार समिति र ४३ सदस्यीय उपसमिति संयोजक समिति, ६६ सदस्यीय कार्यसम्पादन समिति, ३०० सदस्यीय मुल समारोह समिति गठन गरी विभिन्न उपसमितिसँगको छलफललाई तीव्रता दिइएको छ। महोत्सवमा रहने ३ सय ३५ वटा स्टलमध्ये ९५ प्रतिशत स्टल बुकिङ भईसकेका छन्। कार्य सम्पादन, सुरक्षा व्यवस्थापन, सहकारी संस्था समन्वय, विद्यालयस्तरीय कार्यक्रम, झाँकी र्‍याली व्यवस्थापन, युवा परिचालन तथा पार्किङ व्यवस्थापन, टोल विकास संस्था समन्वय, महोत्सव सुपरिवेक्षण उपसमितिसँग छलफल तथा अन्तर्क्रिया गरिएको र महोत्सव सफल बनाउने विषयमा आआफना तर्फबाट खटेर लाग्ने प्रतिबद्धता व्यक्त भएको संघकी अध्यक्ष एवं महोत्सव मुल संयोजक जानुका पराजुलीले बताइन्। महोत्सवका विशेष आर्कषणहरुमा औद्योगिक ब्यापार मेला, हस्तकलाका सामानहरु, दैनिक उपभोग्य एवं खाद्यान्न सामानहरु, फेन्सी, कस्मेटिक तथा श्रृंगारका सामानहरु, विद्युतीय उपकरण, फर्निचरका सामानहरु, भान्छामा प्रयोग हुने मालसामानहरु, शिक्षा, स्वास्थ्य, खेलकुदका सामाग्रीहरु, सूचना प्रबिधि तथा सञ्चारका उपकरणहरु, लेखनाथ क्षेत्रका गतिविधिहरु, फुड फेस्टिवल, अटोमोवाइल लगायतको प्रदर्शनी, वित्तिय तथा अन्य सेवामुलक संघ संस्थाको सेवा तथा जानकारी, यस क्षेत्रमा उत्पादित सुन्तला, माछा, मौरी, कफि, ताजा तरकारी, जैविकविविधता, दुग्ध जन्य उत्पादन लगायतको विक्रि एवं प्रदर्शनी रहनेछन। यसबाट स्थानीय उत्पादनको बजारीकरण, नयाँ प्रविधि तथा सिपको हस्तान्तरण, साहित्य, कला र संस्कृतिको जगेर्ना तथा आन्तरिक एवं बाह्य पर्यटक प्रवर्द्धनमा टेवा पुग्ने महोत्सवका प्रचार प्रसार समितिका संयोजक ध्रुबवावु भट्टराईले बताए। लेखनाथ उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने २१ औं संस्करणको महोत्सवलाई गृहलक्ष्मी ग्याँस कम्पनी प्रा.लि.ले मुख्य प्रायोजन गरेको छ भने सह-प्रायोजकमा बिएलसि ग्रुप (नर्भिक हस्पिटल), पशुपति विस्कुट, हेटौडा डेरी र प्रर्वद्धकमा पोखरा महानगरपालिका र नेपाल पर्यटन वोर्ड रहेको महोत्सवका प्रायोजक व्यवस्थापन उप-समितिका संयोजक विक्रम कर्माचार्यले जानकारी दिए।

# 'प्रविधिको दुरुपयोगले अपराध बढ्दो'

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर




पछिल्लो समय नेपालमा प्रविधिको दुरुपयोगले अपराध बढाएको भए त्यसको उपयोगमा संकुचन ल्याउन नहुनेमा एक कार्यक्रममा सहभागीहरुले जोड दिएका छन्।

उनीहरुले प्रविधिले समाज र चेतनालाई उन्नत बनाउने, दैनिक जीवन सहज बनाउने तथा नयाँ अवसरको ढोका खोल्ने सत्यलाई बिर्सन नहुनेमा सहमति जनाए। यद्यपि,नेपालको परिपेक्ष्यमा प्रविधिलाई 'बाँदरको हातको नरिबल' बनाइएको र यो हिंसाको डरलाग्दो हतियार बन्दै गएकोमा विज्ञहरुले चिन्ता जताए। 'राष्ट्रको जागरण : प्रविधि र समाजको पुस्तान्तरण' भन्ने विषयमा गफिँदै नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. दीपेन्द्रबहादुर क्षेत्री,सामाजिक अभियन्ता विना सिलवाल,उपप्राध्यापक विष्णुहरि पौडेल र क्यान महासंघ कास्कीका अध्यक्ष पुरुषोत्तम कुँवरले यस्तो धारणा व्यक्त गरेका हुन्। पोखराको नयाँबजारमा आयोजित नेपाल मणिपाल अस्पताल ३४ औं राष्ट्रिय औद्योगिक व्यापार मेला तथा १३ औं क्यान इन्फोटकअन्तर्गत नै सो संवाद कार्यक्रम राखिएको हो। क्यान महासंघ कास्कीले त्यसको संयोजन गरेको हो। कार्यक्रममा बोल्दै नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर डा. दीपेन्द्रबहादुर क्षेत्रीले प्रविधिलाई सही तरिकाले प्रयोग नगर्दा देशको सार्वभौमसत्ता नै खतरामा पर्नसक्ने बताए। जेन-जी आन्दोलनमा भएको प्रविधिको पयोगतर्फ संकेत गर्दै उनले भने,'देशमा ७ घण्टामा सत्ता परिवर्तन भयो र त्यो प्रविधिको उपयोगबाट सम्भव भयो।' उनले जेन-जी आन्दोलनले देशको ६३ खर्ब कुल ग्राहस्थको एक तिहाइमा क्षति पुऱ्याएको बताउँदै त्यसलाई पुनः प्राप्त गर्न समय लाग्ने बताए।

सामाजिक अभियन्ता विना सिलवालले पछिल्लो समय मोवाइलबाट प्रेमी वा प्रेमिकाको फोटो खिच्ने, अन्तरंग दृष्यहरु कैद गर्ने अनि मन नमिल्दा सामाजिक सञ्जालमार्फत् सार्वजनिक गरिदिने प्रवृत्तिले धेरेको घरबार चैट भएको दृष्टान्त पेश गरिन्। सूचना प्रविधिका उपप्राध्यापक विष्णुहरि पौडेलले नेपालमा सूचना प्रविधिको उपयोगले ठूलो अवसर सिर्जना गरेको र नयाँ सम्भावनाको ढोका खोलेको बताए। उनले प्रविधिको सही प्रयोगका निम्ति भने सरकारले नै वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए। नेपालीले प्रयोग गर्ने मोवाइलसहितका प्रविधि र कक्षाकोठामा पढाउने शिक्षाबीच तालमेल मिल्न नसकेको उनले स्वीकारे। क्यान महासंघ कास्कीका अध्यक्ष पुरुषोत्तम कुँवरले सूचना प्रविधिको सही सदुपयोग कसरी गर्ने तथा त्यसको दुरुपयोग हुन नदिन के गर्नेभन्नेबारे प्रयोगकर्ता सचेत हुनुपर्ने बताए। पोखराको नयाँबजारमा जारी मेला आइतबारसम्म चल्नेछ। शनिबार भने मेलामा नेपाल मगर संघ कास्कीले विशेष सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्ने सांस्कृतिक उपसमिति संयोजक ललितकुँवरले जानकारी दिए।

शनिबार कृषिको व्यावसायिकरण कहिले र कसरी ? भन्ने विषयमा परिसंवाद पनि राखिएको मेला आयोजक संस्था पोखरा उद्योग वाणिज्य संघकी महासचिव शोभा गौतमले जानकारी दिइन्। सो परिसंवादमा गण्डकी प्रदेश सरकारको कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव बासुदेव रेग्मी,र मुक्तिनाथ कृषि कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक भरतराज ढकालसँग पत्रकार भरत कोइराला गफिने छन्। मेलाका प्रचार प्रसार संयोजक मनोहरि पौडेलका अनुसार समग्र पोखराको अर्थतन्त्र चलायमान बनाउन तथा नयाँ संभावनाको खोजी गर्न मेला आयोजना गरिएको हो।

# आइटिएफ जे-३० टेनिस टुर पोखराः युल, गानुका, सु र शिवाली फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर



आइटिएफ वर्ल्ड टेनिस टुर जुनियर्स जे-३० पोखराको ब्वाइज सिंगल्सतर्फ कोरियाका युल हो जुङ र श्रीलंकाका गानुका फर्नान्डो फाइनलमा प्रवेश गर्दा गर्ल्सतर्फ नेपालकी शिवाली गुरूङ र चाइनिज ताइपेईकी के-चि सुले फाइनलमा भेट पक्का गरेका छन्।

कास्की जिल्ला टेनिस संघको आयोजनामा जारी सर्किट १ अन्तर्गत पोखरा रंगशालामा शुक्रबार सम्पन्न सेमिफाइनलमा कोरयाका युलले प्रतियोगितामा जुनियर शीर्ष वरियताका चाइनिज ताइपेईका टिङ-हो याङलाई ३-६, ६-३, ७-६(१)ले पराजित गर्दै कठिन जित निकाल्दै फाइनलमा स्थान बनाएका छन्। अर्को सेमिफाइनलमा श्रीलंकाका गानुकाले नेपालका प्रणव मानन्धरलाई ६-४, ६-२ को सोझो सेटमा हराउँदै फाइनल यात्रा तय गरे। त्यस्तै गर्ल्स सिंगल्सतर्फ चाइनिज ताइपेईकी के-चि सुले भारतकी अनन्या जैनलाई ६-२, ६-० को सोझो सेटमा पराजित गर्दै फाइनलमा स्थान बनाउँदै नेपाली खेलाडी शिवाली गुरूङ संग फाइनलमा भेट पक्का गरेकी छन्। अर्को सेमिफाइनलमा नेपालकी शिवाली गुरुङले भारतकी जुनियर दोस्रो वरियताकी कार्तिका पद्मकुमारलाई ६-२, ३-६, ६-१ ले हराउँदै फाइनलमा प्रवेश गरेकी हुन्। त्यस्तै ब्वाइज डबल्सतर्फ कोरियाका हियोजिन हा र युल हो जुङको जोडीले भारतका फजल अली मिर र हङकङका सेल्विन युएन वङको जोडीलाई ३-६, ६-३, १०-८ ले हराउँदै उपाधि जितेका छन्। यता गर्ल्स डबल्सतर्फ शिवाली गुरुङ र के-चि सुको जोडीले भारतकी सौम्या चटर्जी र रञ्जना सग्रामको जोडीलाई ६-२, ६-२ ले पराजित गर्दै उपाधि जिते।

जारी प्रतियोगिताको सर्किट १ अन्तर्गतको फाइनल खेल शनिबार हुने कास्की टेनिसका अध्यक्ष राज कुमार गुरूङले जानकारी दिएका छन्। मंसिर २७ गते दुई साता सम्म लगातार सञ्चालन हुने आइटिएफ वर्ल्ड टेनिस टुर जे३० सर्किट १ र २ अन्तर्गत १६ देशका ८० खेलाडीहरुको सहभागिता रहेको छ। जसमा ब्वाइजतर्फ ५५ र गर्ल्सतर्फ २५ जना रहेका छन्। प्रतियोगितामा नेपालसहित भारत, चिन, अमेरिका, न्युजिल्याण्ड, ताइवान, बंगलादेश क्यानाडा, अस्ट्रेलिया, कोरिया, युके, सिङ्गापुर, मलेसिया, श्रीलंका, इजरायल, हङकङका खेलाडीहरुको सहभागिता छ। प्रतियोगितामा १३ वर्ष देखि १८ वर्ष उमेर समुहमा हुने प्रतिष्पर्धाका बिजेताले समान ३० अंक, उपबिजेताले १८ अंक, सेमिफाईनलिष्टले ९ अंक, क्वाटर फाइनालिष्टले ५ र आर-१६ ले २ अंक प्राप्त गर्नेछन्। .त्यस्तै डबल्समा विजेताले २५ अंक उपविजेताले १३ अंक, सेमिफाइनालिष्टले ६ अंक, क्वार्टर फाइनालिष्टले ३ अंक प्राप्त गर्नेछन्। प्रतियोगितामा ब्वाइज सिङ्गल्स तथा डबल्स/गर्ल्स सिङ्गल्स तथा डबल्स गरी जम्मा ४ ईभेन्टमा प्रतियोगिता संचालन भइरहेका छन्। जसमा बिजेता तथा उप-विजेताले प्रमाण-पत्रसहित मेडल प्राप्त गर्नेछन्। प्रतियोगिता सम्पन्न गर्न करिव १७ लाख ८७ हजार खर्च हुने आयोजकले जनाएको छ। प्रतियोगितामा प्रदेश खेलकुद परिषद, जिल्ला खेलकुद विकास समिति कास्की, पोखरा महानगर पालिका, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशलगायतको सहकार्य रहेको कास्की टेनिसका सचिब भिष्मराज पौडेलले जानकारी दिए।

# दलित संजालको तनाव व्यवस्थापन तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर



वडास्तरिय दलित सञ्जालको आयोजना तथा पोखरा महानगरपालिका वडा नं. ९ को सहकार्यमा २ दिने तनाब व्यवस्थापन तालिम तथा आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम मादीको ताङतिङ गाउँमा सम्पन्न भएको छ।

दलित सञ्जालमा आवद्ध पदाधिकारी तथा सदस्यहरु, जनप्रतिनिधिहरु पोखरा महानगरपालिका वडा नं. ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानी, वडा सदस्यहरु गिता चम्राकार र नन्दराम गिरी, टोलविकास संस्था वडा समन्वय समितिका अध्यक्ष उत्तम जोशी, स्वतन्त्र पत्रकार संघ नेपाल कास्की शाखा अध्यक्ष कृष्ण रानाभाट लगाएतको सहभागिता रहेको थियो। तालिमको सहजिकरण प्रशिक्षक भक्तराज रसाईलीले गरेका थिए। उनले चिन्तादे चितामा पुऱ्याउँछ भन्ने नेपाली उखान सत्य भएको वताउँदै तनाव बारे सबैले राम्रो जानकारी दिनु पर्ने वताए। तनावलाई जाने पछि व्यवस्थापन गर्न सकिने अनेकौ उपायहरुको बारेमा चर्चा गरेका थिए। वडास्तरिय दलित सञ्जाल पोखरा ९ की अध्यक्ष सपना विकको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक वडा सदस्य गिता चम्राकारले कार्यक्रम माथी प्रकाश पारेकी थिइन् भने स्वागत उपाध्यक्ष रुकविर परियारले र संचालन विमला परियारले गरेकी थिइन्। सोही अवसरमा उक्त समुहले मादी गाउँपालिका वडा नं. २ को पर्यटकिय ताङतिङ गाउँमा रहेका पर्यटकीय स्थलहरु झरना, गुम्बाहरु, सेल्फी डाँडा अवलोकन गर्नुका साथै केहि गाउँदेखि ११ किमि टाढा ३१ सय मिटरको उचाईमा रहेको कप्रुडाँडा अवलोकन गरेका थिए।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# बेनीको तोरीपानीमा सयपत्री 'होमस्टे' सञ्चालन

पोखरापत्र संवाददाता
म्याग्दी, १९ मंसिर

यहाँको बेनी नगरपालिका–९ तोरीपानीमा सयपत्री सामुदायिक घरबास (होमस्टे) सञ्चालन भएको छ।

पाँचवटा घरमा एक दिनमा २१ जना बास बस्न सक्ने क्षमताको घरबास सञ्चालन भएको हो । जुना खत्री, रश्मी चोखाल, सुजना चोखाल, युव गिरी र जमुना क्षेष्ठको घरमा होमस्टे सुरु भएको समूहका अध्यक्ष सीता खत्रीले जानकारी दिनुभयो । "गाउँमा आउने पाहुनालाई पारिवारिक वातावरणमा बसोबासको व्यवस्था मिलाउने उद्देश्यले घरबास सुरु गरेका हौं", उहाँले भन्नुभयो, "पर्यटकको चाप बढेपछि थप घरहरूमा पनि होमस्टे सञ्चालन गर्ने योजना छ।"

पाहुना राख्नका लागि होमस्टे सञ्चालकले घरमा छुट्टै कोठा बनाएका छन् । खाट, बेड, विस्तार र शौचालयलाई व्यवस्थित गरेका छन् । एउटा घरमा एकदेखि दुईवटा कोठामा पाहुनाका लागि व्यवस्था गरिएको छ । घरका कोठाबाटै हिमाल देख्न सकिन्छ । तोरीपानी प्रकृति र संस्कृतिका साथै जैविक विविधता र ऐतिहासिक हिसाबले पनि महत्वपूर्ण छ । विभिन्न जातजातिको मिश्रित



बसोबास छ । उनीहरूको संस्कार, रहनसहन र ग्रामीण जीवनशैलीमा रमाउन सकिन्छ । पाहुनालाई स्थानीय गौरीया गुड्रा जातको धानको भात, कोदो र फापर को पीठोको ढिडो तथा रोटी, टिमुर को चटनी, लोकल कुखुरा, खसीको मासु, दूध, दहीका परिकारको स्वाद चखाइने होमस्टे सञ्चालक युव गिरीले बताउनुभयो । "गाउँमै उत्पादन भएको खाद्यान्न, तरकारी, फलफूल र पशुजन्य उत्पादनको परिकारको स्वाद चखाउँछौं", उहाँले भन्नुभयो, "पर्यटकले यानीमाया, पञ्चेबाजा र भजनमा नाच्न पाउँछन् ।" पाहुनाका लागि होमस्टे सञ्चालकहरूले आफैं तरकार खेती, कुखुरा र गाईभैंसीपालन गरेका छन् । तोरीपानी मसलेदार फल टिमुरको पकेट क्षेत्र हो । टिमुरको चटनी सयपत्री होमस्टेको विशेष परिकार हो । फर्कंदा पाहुनालाई टिमुर, भटमास र भागो कोसेली दिने गरिएको होमस्टे सञ्चालक जमुना श्रेष्ठले बताउनुभयो । रु एक हजार ५०० खर्चमा एक रात बास बस्न सकिन्छ । होमस्टे सञ्चालनका लागि इको हिमालय संस्थाले तालिम र पूर्वाधार निर्माणमा सहयोग गरेको छ।

संस्थाका निर्देशक नारायण ढकालले प्रतिघर रु ७० हजारबर ाबरको सामग्री र समूहलाई रु दुई लाख सहयोग गरेको जानकारी दिनुभयो । इको हिमालयले तोर ीपानीमा टिमुरखेती विस्तार, गुणस्तर सुधार र बजारीकरणमा सहयोग गर्दै आएको छ । समुद्री सतहदेखि एक हजार ७५० मिटर उचाइमा अवस्थित तोरीपानीको पृष्ठभूमिमा धवलागिरि, अन्नपूर्ण, माछापुच्छ्रे, मानापाथी हिमशृङ्खला देखिन्छ । सूर्योदय र सूर्यास्तको समयमा हिमालको मनमोहक दृश्य देखिन्छ । बेनी बजारदेखि नौ किलोमिटर उत्तरतर्फ रहेको तोर ीपानीमा बेनीदेखि करिब ३० मिनेट सवारीसाधनमा यात्रा गरेपछि पुगिन्छ । बेनीदेखि अर्थुङ्गे, जामुनाखर्क हुँदै किराखोरसम्म पाँच किलोमिटर सडक पक्की छ । किर ाखोरदेखि नेप्टेचौर जोड्ने करिब दुई किलोमिटर सडक कालोपत्र भइरहेको छ। नेप्टेचौरदेखि तोरीपानी जोड्ने थप दुई किलोमिटर सडक ग्राभेल गर्न पूर्वाधार निर्माणाधीन अवस्थामा छ । तोरीपानीको शिरमा पर्यटकीयस्थल टोड्के, ऐतिहासिकस्थल ढोलथान दर बार, धार्मिकस्थल पछै छन् । ढोलथानामा बाइसेचौबिसे राज्यका पालामा बर्खायामको राजधानी थियो ।

दरबारका भग्नावशेष अझै देख्न सकिन्छ । तोरीपानी हुँदै पैदलयात्रा र सडकको प्रयोग गरेर बेनी नगरपालिका, घुगुङ्गा र मङ गला गाउँपालिकाको सिमानामा अवस्थित टोड्के जान सकिन्छ । फेदीमा मुक्तिक्षेत्रको प्रवेशद्वारका रूपमा परिचित गलेश्वर शिवालय मन्दिर छ ।

# नेपाली समाज टेक्सासको निर्वाचनमा शान्त गिरीको उपाध्यक्षमा उमेदवारी

पोखरापत्र संवाददाता
पोखरा, १९ मंसिर

नेपाली समाज टेक्सासमा आगामी २०२६/२७ का लागि नेतृत्व चयनको चर्चा सुरु भएसँगै धेरै सघर्षबाट उदाएकी एउटा नाम भने आकर्षणको केन्द्र बनेको छ।

बहुआयामिक व्यक्तित्वका धनि, दीर्घ अनुभव, निरन्तर समाजसेवा, दृढ प्रतिबद्धता र संवेदनशील नेतृत्वदायि क्षमताका कारण महिला उपाध्यक्ष पदकी उम्मेदवारका रूपमा प्रस्तुतः गर्नु भएको छ शान्त गिरीले ।

सक्षम नेतृत्व र समावेसी तथा एकताबद्ध समाज निर्माणमा उमेदवार प्रस्तुतः गर्नु भएको गिरी बागलुङमा जन्मेर पोखरामा लामो समय सघर्ष गर्दै हाल अमेर िकामा विगत ८ बर्ष देखि आफ्नो यात्रामा अघि बढ्नु भएको छ । हुने विरुवाको चिल्लो पात भने झैं गिरी सानै उमेर देखि निडर स्वभावकी समाजमा हुने विकृति विसङगती बिरुद्ध आवाज उठाउदै विभिन्न सामाजिक तथा स्वास्थ्यको क्षेत्रमा लामो समय काम गरेको अनुभव छ ।

नेपालका विभिन्न सामाजिक संस्था, स्वास्थ्य क्षेत्र तथा सहकारी आन्दोलनमा सक्रिय रहँदै उहाँले आफ्नो क्षमताको परिचय मात्र गराउनु भएन्, अनेकौं संस्थालाई प्रभावकारी रूपमा अघि बढाउन योगदान पनि दिदै आउनु भएको छ । यही समर्पण र निर न्तरताको कारण उहाँ आज प्रवासमा पुगेपछि पनि समुदायको केन्द्रमा उभिन सक्षम हुनु भएको छ । नेपाली समाज टेक्सासको उनी २०२२/२३ मा कार्यकारी सदस्य र २०२४/२५ मा महिला संयोजकका रूपमा अत्यन्तै सक्रिय भई आफ्नो जिम्मेवारी वहन गर्नु भएको उहाँले त्यो कार्यकालमा महिला सहभागिता, समुदायिक कार्यक्रम, आपतकालीन सहयोग तथा समन्वयका कामहरूलाई प्रभावकारी बनाउन सफल भइन् । पारदर्शी तरि काले काम गर्ने, सबैलाई




समेट्ने र समावेशी नेतृत्व दिने शैलीले उहाँको भूमिकालाई अझै चर्चित बनायो। यही विश्वास र लोकप्रियताका कारण अहिले २०२६/२७ का लागि उहाँको महिला उपाध्यक्षको उमेदवारको रुपमा प्रस्तुतः गर्नु भएको हो । उहाँको संलग्नता नेपालमै रहँदा धेरै व्यापक थियो। बागलुङ समाज सहकार ीकी अध्यक्षका रूपमा सहकारी प्रवर्द्धन र समुदायिक आर्थिक सशक्तिकरणमा उल्लेखनीय काम गर्नु भएको गिरी क्यान्सर रिलिफ सोसाइटीकी सचिव हुँदा उहाँले क्यान्सर प्रभावित परिवारहरूको मनोवैज्ञानिक र सामाजिक सहयोगमा सक्रियता भूमिका खेल्नुका साथै यसबाट सुरक्षित रहन गरिने बिभिन्न तालिम, गोष्ठी र सेमिनार हरूको ब्यापक आयोजना र सहभागिता रहेको थियो त्यस्तै, अन्तर समाज महासंघ, दशनामी समाज नेपाल तथा नेपाल माहुरी पालन महासंघमा केन्द्रिय सदस्यको रूपमा उहाँ लगातार संस्थागत विकास, नीति निर्माण र स्थानीय स्तरका क्रियाकलापमा अग्रसर रहनु भएको थियो।

धेरै सङ्घ–संस्थामा फरक–फरक भूमिकामा रहेर काम गरेको अनुभव संहाल्नु भएको गिरी सशक्त, अनुशासित र परिणाममुखी नेतृत्व गर्न चाहानु भएको छ। व्यावसायिक जीवनमा पनि उहाँ उत्तिकै सफल हुनुहुन्छ। हेलन केयर नेपाल, लुथरन विश्व सेवा, पपुलेशन सर्भिस नेपालदेखि सेती अञ्चल अस्पताल, बुद्ध हस्पिटल र मणिपाल शिक्षण अस्पतालसम्मको काम गरेको अनुभव उहाँमा छ। केवल कागजी ज्ञान होइन, वास्तविक सेवा र स्वास्थ्य प्रणालीको क्षेत्रमा गहिरो अनुभव लिनु भएको गिरी स्वास्थ्य, महिला अधिकार, मानवअधिकारदेखि लिएर समुदायिक सशक्तिकरणसम्मका विषयमा प्राप्त दर्जनौं तालिमहरूले उनको सीप र दक्षतामा थप मजबुती बनाइदिएको छ।

यति मात्र होइन, उहाँ उद्यमशीलतामा पनि उत्तिकै अग्रणी हुनुहुन्छ । पोखरामा सञ्चालनमा रहेको बि एण्ड बि क्लिनिक, हिमालयन मौरी खर्क र लघु आवास परियोजनामा प्रबन्ध सञ्चालिकाका रूपमा काम गर्दै उहाँले श्रम, लगन र व्यवस्थापन कौशलका माध्यमबाट सामाजिक–आर्थिक विकासमा योगदान पुऱ्याउनु भएको छ।

यति धेरै अनुभव, सेवा र नेतृत्व यात्राबाट सुढृढ हुनु भएको गिरी अहिले नेपाली समाज टेक्सासको महिला उपाध्यक्ष बन्नका लागि अघि बढ्नु भएको हो । उहाँको लागि यो केवल पद प्राप्तिको चाहना नभई, समुदायलाई अझ संगठित, सक्षम, सुरक्षित र समावेशी बनाउने लक्ष्यसँग जोडिएको प्रतिबद्धता हो । समुदायप्रति समर्पितता, संस्थाप्रति उत्तरदायित्व र स्वास्थ्य–सामाजिक क्षेत्रमा दशकौंको यात्राले उहाँलाई केवल योग्य उमेदवार मात्र बनाएको छैन, एक प्रेरणादायी व्यक्तित्वका रूपमा स्थापित पनि गरेको छ। आगामी कार्यकालमा महिलाको सशक्त भूमिका, समुदायिक समन्वय र एकतामै बलियो समाज निर्माण गर्न उहाँको थप प्रभावकारी कार्ययोजना लिएर अघि बढ्ने दृढता व्यक्त गर्नुहुन्छ।

नेपाली समाज टेक्सासमा नयाँ नेतृत्वको तयारी हुँदै गर्दा उहाँको उम्मेदवारी समुदायका थुप्रै सदस्यहरूले आशा, भरोसा र सकारात्मक ढंगले हेर्नु भएको छ।

# भूजीखोलाका बाढीपीडित अझै राहतकै पर्खाइमा

पोखरापत्र संवाददाता
बागलुङ, १९ मंसिर

भूजीखोलाका तिरैतिर छरिएको बस्ती थियो । भर्खरभर्खर सडकले जोडिएको हुँदा स्थानीयले मोटरबाटोको छेउकुना केही पक्की त केही सामान्य खालका घर बनाएका थिए । खोलाको छोटो दूरीमै थिए, विद्यालय, स्वास्थ्य संस्था र विद्युतगृहहरू । विकासले विस्तारै जोडिँदै गरेको विकट क्षेत्रका नागरिकमा खुसी पलाउँदै थियो । विसं २०७७ भदौ १७ गते राति भूजीखोलामा भीषण बाढी आयो । उक्त बाढीले भूजीखोलावासीको सर्वस्व लुट्यो । दर्जनौं नागरिकको ज्यान लियो, सयौंलाई परिवार र घरबारविहीन बनायो ।

आफन्त र भएभरको सम्पत्ति गुमाएका पीडितले अझै पनि राज्यबाट सहयोग पाउन सकेका छैनन् । सैतीस जनाको ज्यान जानेगरी आएको बाढीले पुऱ्याएको क्षति बेहिसाब छन् । त्योभन्दा बढी बेहिसाब छन्, बाढीपीडितको दुःख । बाढीमा परेका १५ जना अझै बेपत्ता छन् । बाढी गएपश्चत सरकारले पीडितको पुनःस्थापनलाई प्राथमिकता दिने भने पनि अहिलेसम्म ध्यान नपुग्न नसकेको उनीहरूको गुनासो छ । घर निर्माण गरेपछि राहत उपलब्ध गराउने भनिए पनि अहिलेसम्म धेरैले भुक्तानी पाएका छैनन् ।

बाढीले ढोरपाटन नगरपालिका–६, ७, ८ र ९ का एक सय ३१ घर बगाएको थियो । पीडितले ऋणधन गरेर अहिले घर बनाइसके । तर राहत अझै पाएका छैनन् । ढोरपाटन–९ का बाढीपीडित लालबहादुर विकले घर बनाउन सरकारले रकम पठाउने आश्वासन दिए पनि अहिलेसम्म कत्ति पनि सहयोग नपाएको गुनासो गर्नुभयो । बाढीले उहाँको जेठो छोरा र भएभर को घरसम्पत्ति बगाएको थियो । राहत आउँछ भन्दाभन्दै पाँच वर्ष बितिसकेको भन्दै अब पाउन आशासमेत मरिसकेको उहाँ बताउनुहुन्छ । विकले भन्नुभयो, "बाढीले भएभरको सम्पत्ति बगायो, छोरो बगायो, कति समय त पालमुनि बस्यौं, सधैंभरि पालमुनि बसेर जीवन चल्दोरैनछ, सरकारले पनि राहत दिन्छ घर बनाउ भनेपछि गाउँमा ऋण काढेर घर बनायौं, तर अहिले न सरकारले पैसा दियो, न साहुको ऋण तिर्न सकियो, हामीहरू धेरै पीडामा परौं, राज्यले राहत देला भनेका थियौं आहत दियो ।"

अर्का पीडित नारायण पुनले सरकारबाट पाउने भनिएको रु चार लाखमध्ये अहिलेसम्म कत्ति पनि रकम पाउन नसकेको सुनाउनुभयो । बाढीमा आमा र घर बगाएको भन्दै अहिले घर निर्माण गरिसकेको बताउनुभयो । केही आफ्नो कमाइ र केही रकम ऋण गरेर घर बनाएको उहाँको भनाइ छ । नेताहरूले आफ्ना वरपर का र नजिकका आफन्तलाई मात्र राहत दिलाएको पुन बताउनुहुन्छ । "हामी राम्रोसँग कुरा राख्न पनि नसक्ने सिधा भयौं, टाढाबाटाले त पाउनुपर्ने राहत पाइसके, राहत पाएपछि ऋण तिर्नेगरी घर बनायौं तर अहिलेसम्म पाउन सकेनौं", उहाँले भन्नुभयो । सोही ठाउँका बाढीपीडित कुलबहादुर विकले घर बनाएको ऋणले अहिले समस्यामा परेको बताउनुभयो । बाढीले घर जग्गासहित २२ वर्षका जेठो छोरा, २१ वर्षकी बुहारी, १८ वर्षकी छोरी र चार वर्षकी नातिनी बगाएको सुनाउँदै अहिले ऋणको भारीले थिचिरहेको विकले सुनाउनुभयो । आफूले जम्मा रु दुई लाख ५० हजार पाएको भन्दै घर बनाउँदा रु पाँच लाख खर्च भएको उहाँको भनाइ छ । "बाढीले परिवार नै बगायो, सम्पत्ति बगायो, त्यसमाथि सरकारले पैसा दिन्छु घर बनाउ भनेर भन्यो, ऋण खोजेर घर बनाएँ, न सरकारले पैसा दियो, न कतैबाट सहयोग आयो, अहिले साहुले पैसा माग्छन्, आफूलाई बिहान के खाउँ, बेलुका के खाउँ भन्ने पिर छ, अहिले ऋणले डुबायो, के गरेर तिर्ने ?, गाउँका अरु धेरै बाढी पीडितहरूको अवस्था मेरोजस्तै छ", उहाँले भन्नुभयो । बाढीले ११ वटा लघुजलविद्युत आयोजना, एउटा स्वास्थ्य एकाइ, ११ वटा झोलुङ्गे पुल, १० काठे पुल, पाँच ढलान पुल, दुई विद्यालय र २० किलोमिटर सडक बगाएको थियो । बाढीले क्षति पुऱ्याएका जलविद्युत, विद्यालयको पुनःनिर्माण भएको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले बताउनुभयो । सङ्घीय सरकारले १८ जना बाढीपीडितलाई घर बनाउन सबै किस्ता उपलब्ध गराए पनि अझै धेरैले एक किस्ताबाहेक अरु रकम नपाएको उहाँको भनाइ छ ।

उपप्रमुख कायतले भन्नुभयो, "पीडितहरूले प्राविधिक स्टिमेटअनुसार घर बनाउनुपर्ने हो, विभिन्न कारण उनीहरूले सकेनन्, तर घरचाहिँ सबैको बनेको छ, सरकारले दिने रकम एकतिहाइले पनि पाउन सकेका छैनन्, यसका लागि हामीहरूले पहल गरिरहेका छौं, बाढीले बगाएका विद्यालय, स्वास्थ्य संस्था, पुल र सडक पुनःनिर्माण भएर सञ्चालनमा आइसके ।"

# नदी कटान नियन्त्रण आयोजना प्रारम्भ

पोखरापत्र संवाददाता
बेनी, १९ मंसिर

बेनी नगरपालिका–८ कालीपुल र पर्वतको जलजला गाउँपालिका–३ बगर फाँटको सिमाना भएर बग्ने कालीगण्डकी नदीको कटान नियन्त्रण आयोजना निर्माण सुरु भएको छ।

गण्डकी प्रदेश जलस्रोत तथा सिँचाइ व्यवस्थापन आयोजना कार्यालयले रु दुई करोड ९८ लाखको लागतमा आयोजना निर्माण थालेको हो ।

आयोजनाका इन्जिनियर नरजङ गुरुङका अनुसार नदी किनारमा ८० मिटर लामो 'कम्पोजिट' प्रविधिको पर्खाल निर्माण हुनेछ । भुइँमा चार मिटर चौडा र तीन मिटर अग्लो 'कङ्क्रिट' र त्यसमाथि 'ग्याबिन' पर्खाल पनि बनाइने छ ।

आयोजना पूरा भएपछि कालीपुल क्षेत्रको बस्ती बाढीबाट जोगिने छ ।

# प्रदेशस्तरीय यु–१६ फुटबल : तालवेसी र नेपाल पुलिस सेमिफाइनलमा

पोखरापत्र संवाददाता
तनहुँ, १९ मंसिर

तनहुँको शुक्लागण्डकी नगरपालिका–५ बेलचौतारास्थित नेपाल पुलिस स्कुलको आयोजनामा जारी गण्डकी प्रदेशस्तरीय यु–१६ फुटबल प्रतियोगिताअन्तर्गत शुक्रबार भएको खेलबाट तालवेसी मावि र आयोजक नेपाल पुलिस स्कुल सेमिफाइनल प्रवेश गरेका छन् ।

मीन माविलाई हराउँदै तालवेसी सेमिफाइनल पुगेको छ । तालवेसीले मीन माविलाई ३–१ गोलले पराजित गरेको छ । तालवेसीका कृष्ण थापाले तीन र मीनका निशान शाहीले एक गोल गरे । यस्तै नेपाल आदर्श माविलाई ३–२ गोलले हराउँदै आयोजक नेपाल पुलिस सेमिफाइनल प्रवेश गरेको छ । नेपाल पुलिसका राम क्षेत्रीले दुई र सुजल पराजुलीले एक गोल गरे । नेपाल आदर्शका विधान थापा र अमर गुरुङले एक–एक गोल गरे । यस्तै आजै भएको खेलमा ज्ञान बगैंचा बोर्डिङ स्कुलले बाल विद्या सेकेण्डरीलाई ३–१ ले पराजि गरेको छ। यस्तै कञ्चनजङ्घा सेकेण्डरी स्कुलले लिटल गार्डेन बोर्डिङ स्कुललाई २–० ले पराजित गर्‍यो । ज्ञान बगैंचा र कञ्चनजङ्घा क्वाटरफाइनल प्रवेश गरेको छ ।

विद्यालयस्तरको फुटबल विकासलाई निरन्तरता दिने उद्देश्यसहित मङ्सिर २१ गतेसम्म आयोजना हुने प्रतियोगितामा गण्डकी प्रदेशका विभिन्न जिल्लाका १६ विद्यालयको सहभागिता रहेको छ । खेलभावना विकास, अनुशासन र नेतृत्व क्षमता वृद्धि, प्रदेशका विद्यार्थीमा खेलकुदप्रतिको रुचि बढाउन, उत्कृष्ट खेलाडी पहिचान गर्ने उद्देश्यसहित प्रतियोगिताको आयोजना गरिएको विद्यालयका प्राचार्य रामचन्द्र शाहीले जानकारी दिनुभयो । प्रतियोगितामा विजेताले रु ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले रु २५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीले नगद रु चार हजार, मेडल, ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । उत्कृष्ट गोलरक्षक, सर्वाधिक गोलकर्ता र उदयमान खेलाडीलाई जनही रु दुई हजारका दरले पुरस्कार प्रदान गरिने छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : व्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३ मणि मार्ग बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्होरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मणि मार्ग बाटो ढलान
ठेगानाः पोखरा–३३, महाकालीचोक
योजना सम्झौता मितिः २०८२/०७/१७ गते
योजना शुरु मिति : २०८२/०७/१७ गते
योजना सम्पन्न गर्नुपर्ने मितिः २०८२/०९/१५ गते
योजना सम्पन्न भएको मितिः २०८२/०८/१३ गते
योजनाको कुल लागतः रु. ८,८८,९७५.८७
महानगरपालिकाबाटः रु. ८,००,०००|-
जनसहभागिताबाटः रु. ८८,९७५.८७
योजनाको कुल खर्चः रु. ८,८९,७८२.४०
उपभोक्ता समिति अध्यक्षः धन प्रसाद लम्साल
सचिवः यशोदा खत्री
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**मणि मार्ग उपभोक्ता समिति पोखरा–३३**

# पोखराको विशिष्ट पर्यटकीय पहिचान बन्दै सडक महोत्सव

**वासुदेव पौडेल**
गण्डकी, १९ मंसिर/रासस



प्रत्येक अङ्ग्रेजी नयाँ वर्षका अवसरमा रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराले गर्दै आएको पोखरा सडक महोत्सव यहाँको विशिष्ट पर्यटकीय पहिचान बनेको छ ।

सन् १९९८ मा पहिलोपटक पोखरामा सानो आकारमा सुरु गरिएको सडक महोत्सवले आफ्ना २६ वटा संस्करण सम्पन्न गर्दै २७औँ संस्करणको तयारी थालिसकेको छ। यस वर्ष आगामी पुस १३ देखि १७ गतेसम्म फेवाताल किनार लेकसाइडको साढे तीन किलोमिटर क्षेत्रमा महोत्सव गर्न लागिएको रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले जानकारी दिनुभयो । 'सडक मै खाउँ, सडक मै नाँचौं, सडकमै रमाउँ' भन्ने नाराका साथ महोत्सवले खाना, संस्कृति र सङ्गीतलाई प्रवर्द्धन गर्नाका साथै पोखराको पर्यटनमा मात्र नभई नेपालको पर्यटकीय विकासमा विशिष्ट स्थान ओगटेको अध्यक्ष पौडेल बताउनुहुन्छ । "कुनै समय अङ्ग्रेजी नयाँ वर्ष मनाउन भारतको गोवा र थाइल्यान्ड जाने परम्परा थियो, तर पोखरा सडक महोत्सवले त्यो परम्परालाई तोड्दै पोखरालाई अङ्ग्रेजी नयाँ वर्षको प्रमुख गन्तव्यका रूपमा स्थापित गर्न सफल भएको छ", उहाँले भन्नुभयो, "वर्तमानमा यो महोत्सव केवल एउटा कार्यक्रम मात्र नभई पोखराको पहिचान, 'ब्रान्ड' र गौरवमय इतिहासको अभिन्न हिस्सा बनिसकेको छ ।" यस महोत्सवले पोखरामा मात्र नभई आसपासका क्षेत्रमा समेत यहाँको समग्र पर्यटन प्रवर्द्धनसँगै आर्थिक रूपमा महत्वपूर्ण प्रभाव पारिरहेको पर्यटन व्यवसायीहरूको अनुभव छ । महोत्सवका कारण पर्यटनसम्बद्ध सबै क्षेत्र लाभान्वित बनेको होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार अङ्ग्रेजी नयाँ वर्षका अवसरमा गरिने पोखरा सडक महोत्सवका समयमा यहाँका होटेलमा क्षमताको ९० प्रतिशत भरिभराउ हुन्छन् । महोत्सवकै कारण अङ्ग्रजी नयाँ वर्षका केही दिन यहाँको पर्यटन क्षेत्र चलायमान हुने जनाउँदै उहाँले यसले स्वदेशी एवम् विदेशी पर्यटकलाई आकर्षित गरिरहेको बताउनुभयो । पोखराको पर्यटन क्षेत्रमा कुल रु आठ खर्ब लगानी भइसकेकामा होटेल क्षेत्रमा मात्रै रु छ खर्ब लगानी भएको उहाँको भनाइ छ। उहाँका अनुसार पोखरामा प्रत्येक दिन ४० हजार जनासम्म पर्यटक राख्न सक्ने क्षमता छ । "अङ्ग्रेजी नयाँ वर्षमा विदेशी पर्यटकसँगै देशका विभिन्न स्थानबाट आउने पर्यटकले यहाँका होटेल भरिभराउ हुने गरेको छ", उहाँले भन्नुभयो । यस महोत्सवको सुरुआतीसँग प्रत्यक्ष रूपमा पोखराका वरिष्ठ पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई जोडिनुभएको छ । सन् १९९७ मा घुमघामका लागि भट्टराई भारतको गोवा जाँदा त्यहाँ 'फुड एन्ड म्युजिक फेस्टिभल' चलिरहेको थियो । पर्यटक लक्षित उक्त फेस्टिभल प्रत्यक्ष अवलोकन र अनुभूति गर्नुभएका भट्टराईलाई पोखरामा पनि यस्तै फेस्टिभल गर्न सकिने आशा एवम् विश्वास जागेको थियो । उक्त फेस्टिभल हेरेर फर्केलगत्तै तत्कालीन समयमा पोखरा घुम्न आउनुभएका तत्कालीन राजा वीरेन्द्रसँग उहाँको भेटघाट भयो। सो क्रममा राजा वीरेन्द्रले जाडोयाममा पोखरामा पर्यटक नदेख्दा चिन्ता व्यक्त गर्नुभएको थियो । राजा वीरेन्द्रको चासोसँगै गोवामा भर्खरै देखेको फेस्टिभलको अनुभव समेतले यस समयमा त्यस किसिमको पर्यटकीय गतिविधि गर्नुपर्छ भन्ने सोच जागेको उहाँले अनुभव सुनाउनुभयो। "राजपरिवारका सदस्य पोखराको भ्रमण रहेको त्यस समयमा मैले तत्कालीन युवराज दीपेन्द्रसँग लेकसाइडस्थित बुमऱ्याङ रेष्टुरेन्टमा सँगै पारिवारिक डिनर गर्नका लागि गरेको आग्रहलाई स्वीकार्दै उहाँहरू सपरिवार डिनरका लागि आउनुभएको थियो", उहाँले भन्नुभयो, "त्यस क्रममा भएको कुराकानीमा राजा वीरेन्द्रले यस समयमा पोखरामा पर्यटकको कमी भएको चिन्तासँगै पर्यटक बढाउने गतिविधि आदिबारे जिज्ञासा राख्नुभएको थियो ।" तत्कालीन समयमा राजा वीरेन्द्रले समेत पर्यटनका सम्बन्धमा देखाउनुभएको चासो समेतका जगमा अर्को वर्षदेखि सन् १९९८ मा सुरु गरिएको महोत्सव वर्तमानमा यहाँको ब्रान्ड नै बनिसकेको भट्टराईले बताउनुभयो । सुरुमा यहाँको जम्मा आधा किलोमिटर क्षेत्रफल समेटेर महोत्सव गरिएको उहाँले जानकारी दिनुभयो । यस समयमा चिसोका कारण हिमाली क्षेत्रको पदयात्रामा गएका पर्यटक फर्किसक्ने र आन्तरिक पर्यटकको चहलपहल पनि नहुने अवस्थामा गर्न थालिएको महोत्सवले केही दिन यहाँको पर्यटन चलायमान हुने गरेको उहाँको भनाइ छ।

"हामीले महोत्सवलाई खाना, संस्कृतिसँगै धार्मिक र जातीय सद्भावका माध्यमबाट उत्पादनसँग जोड्नु आवश्यक छ", उहाँले भन्नुभयो, "महोत्सवका अवसरमा हाम्रा घरेलु उत्पादनको बजारीकरणका लागि राज्यका निकायले सहयोग गर्नु जरुरी छ।" समग्र पर्यटनको विकासका लागि गुणस्तरीय पर्यटनमा जोड दिँदै अघि बढ्नुपर्ने आवश्यकता उहाँले औँल्याउनुभयो । यस समयमा नेपालमा पर्यटकीय चहलपहल पनि नहुने भएकाले यहाँ रहेका विदेशी पाहुना क्रिसमससँगै अङ्ग्रेजी नयाँ वर्ष मनाउन आफ्नो देश फर्कने गरेको अवस्थामा पोखरामा हुने महोत्सवले उनीहरूलाई समेत रोक्ने गरेको महोत्सवका संयोजक एवम् रेवान पोखराका प्रथम उपाध्यक्ष वसन्त गौतमले जानकारी दिनुभयो । पछिल्लो समयमा कतिपय विदेशी पर्यटक पोखराको सडक महोत्सव हेर्नकै लागि आउने गरेको र देशका विभिन्न भागबाट आन्तरिक पर्यटकहरू पनि यस अवसरमा पोखरा आउने गरेको उहाँको भनाइ छ । "यस कार्यक्रमले क्रिसमस र न्यू इयर मनाउन स्वदेश फर्कने विदेशीलाई पोखरा नै रोक्न सकेको छ, देशका विभिन्न स्थानबाट आन्तरिक पर्यटकको आगमन पनि बढाएको छ", उहाँले भन्नुभयो । पोखराका पर्यटन व्यवसायीका अनुसार मेलाका अवसरमा यहाँको साढे तीन किलोमिटर क्षेत्रमा सडककै ठाउँठाउँमा विभिन्न खानाका परिकार खाँदै सांस्कृतिक माहौलमा नाच्दै पर्यटक रमाउने गरेका छन् । मेलाका अवसरमा आउने विदेशी पर्यटकले विशेषतः नेपालमा उत्पादित ह्यान्डिक्राफ्टका सामान आदि किन्ने गर्दछन् । त्यस्तै यस क्रममा माटोका भाडा, चकटी, ढाकाका सामानसँगै यहाँका स्थानीय उत्पादनको राम्रै व्यापार हुने गरेको छ ।

महोत्सवका अवसरमा नेपालका विभिन्न जातजातिका लोपोन्मुख सांस्कृतिक झाँकी, मौलिक वेशभूषा र परम्परागत नृत्यको प्रदर्शन हुने रेवान पोखराका महासचिव वीरेन्द्र शेरचनले जानकारी दिनुभयो । 'सडकमै खाऔँ' भन्ने नारालाई सार्थक पार्दै सडकमै राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिकारहरूको प्रत्यक्ष स्वाद लिन पाइने बताउँदै उहाँले नेपालका ख्यातिप्राप्त कलाकारको 'लाइभ कन्सर्ट', मौलिक लोकदोहोरी गीत प्रस्तुत गरिने जानकारी दिनुभयो । त्यस्तै महोत्सवमा फेवातालमा डुङ्गा दौड, वेटर दौड, टग अफ वारका साथै पर्यटक लक्षित विभिन्न गतिविधि गर्ने गरिएको छ । पोखराको पर्यटनका अवसर र चुनौतीबारे विज्ञहरूसँग टक सो, पोखराको सौन्दर्य झल्कने वृत्तचित्र प्रदर्शनसँगै फोटो प्रदर्शनीसमेत गरिने उहाँले जानकारी दिनुभयो ।

# उमा माविमा स्थापित म्हिगीकोने शैक्षिक कल्याणकारी कोषमा आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर



कास्की जिल्ला अन्नपूर्ण गा.पा वडा नं. ८ मोहोरिया घर भई हाल काठमाडौं ४ महाराजगञ्ज, चक्रपथ निवासी विरे म्हिगीकोने गुठीको सन्लाहकार रामकाजी म्हिगीकोने र बुद्धि लक्ष्मी म्हिगीकोनेले उमा मा.वि. मा स्थापित म्हिगीकोने शैक्षिक कल्याणकारी कोषमा रु.१३ लाख आर्थिक सहयोग गर्नु भएको छ।

उहाँहरुको छोरा दिग्वीजय म्हिगीकोनेको किस्मा गुरुङसँग वैवाहिक सम्बन्धमा गासिएको उपलक्ष्यमा पोखरामा आयोजित प्रिति भोज कार्यक्रममा छोराको विवाहको खुशियालीमा बुबा रामकाजी म्हिगीकोने गुरुङले अन्नपूर्ण गा.पा. वडा नं मोहोरियामा अवस्थित उमा मा.वि. मा स्थापित म्हिगीकोने शैक्षिक कल्याणकारी कोषमा १३ लाख आर्थिक सहयोग गर्नु भएको हो । उक्त आर्थिक सहयोगप्रति विद्यालय परिवारले धन्यवाद सहित कृतज्ञता व्यक्त गरेको उमा माविका प्रअ बुद्धि बहादुर गुरुङले बताउनुभयो ।उक्त कोषबाट प्राप्त व्याजवाट विद्यालयको शैक्षिक र भौतिक विकासमा सहयोग गर्ने उद्देश्य रहेको छ । साथै उक्त कोष म्हिगीकोने परिवारले थप गर्दै लगेर भविष्यमा एउटा वृहत कोषको स्थापना गरिने यसको लक्ष्य रहेको बताइएको छ । शुरुमा गुठीको उपाध्यक्ष ले. अर्जुन कुमार म्हिगीकोने गुरुङले रु. ५ लाख व्यक्तिगत रुपमा राखेर स्थापना गरेका थिए । उक्त कोषमा हाल अब २१ लाख बराबर पुगेको प्रअ गुरुङले बताउनुभयो ।

# तनहुँमा दूध उत्पादनमा वृद्धि

**पोखरापत्र संवाददाता**
दमौली, १९ मंसिर

पशुपालनमा कृषकको आकर्षण बढेसँगै तनहुँमा दूध उत्पादनमा वृद्धि भएको छ । जिल्लाका स्थानीय तथा भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले अनुदानको कार्यक्रम ल्याएपछि कृषक पशुपालनतर्फ आकर्षित भएका छन् । त्यसकारण जिल्लामा दूध उत्पादनमा वृद्धि भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ७४ हजार ७५५ मेट्रिकटन दूध उत्पादन भएको कार्यालय प्रमुख रविनसन अधिकारीले जानकारी दिनुभयो । अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा ७३ हजार ५७२ मेट्रिकटन दूध उत्पादन भएको थियो । उहाँका अनुसार एक हजार १८२ मेट्रिकटन दूध उत्पादनमा वृद्धि भएको छ।

जिल्लाभर १३ हजार ९९२ दुधालु गाई, २१ हजार ५०३ दुधालु भैंसीको सङ्ख्या रहेको कार्यालयले जनाएको छ। दुधालु गाईको सङ्ख्या ३०४ र भैंसीको सङ्ख्या २६१ ले वृद्धि भएको छ । यस्तै जिल्लामा ऊन उत्पादनसमेत वृद्धि भएको छ । आर्थिक वर्ष २०८१/८२ मा २८९ किलो ऊन उत्पादन भएको छ। आर्थिक वर्ष २०८०/८१ मा २७३ किलो ऊन उत्पादन भएको थियो । जिल्लामा भेडाको सङ्ख्या ७२३ रहेको छ।

तनहुँ दूध, मासु र अण्डामा आत्मनिर्भर छ । प्रतिव्यक्ति ९१ लिटर दूध आवश्यकता पर्नेमा ११८ दशमलव ५४ लिटर उपलब्धता रहेको अधिकारीले बताउनुभयो । त्यस्तै प्रतिव्यक्ति १४ किलो मासु आवश्यक पर्नेमा १४ दशमलव ४१ किलो उपलब्धता रहेको छ । अण्डा ४८ गोटा आवश्यक पर्नेमा ८३ गोटा उपलब्धता छ। दूधमा २७ दशमलव ५४ लिटर, मासुमा शून्य दशमलव ४१ किलो र अण्डामा ३५ गोटाले बढी छ। माछामा भने तनहुँ आत्मनिर्भर बन्न सकेको छैन । प्रतिव्यक्ति सात किलो माछा आवश्यक पर्नेमा शून्य दशमलव २८ किलो मात्रै उपलब्धता छ।

**दूधमा अनुदानबापत रु ९७ लाख वितरण**

कार्यालयले दुग्ध उत्पादक कृषकलाई रु ९७ लाख ४१ हजार ५३४ अनुदान वितरण गरेको छ । दुग्ध उत्पादक कृषकलाई पशुपालनमा प्रोत्साहन गर्ने उद्देश्यसहित कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा ११ सहकारीमार्फत उक्त रकम वितरण गरेको हो । केन्द्रमार्फत दूधमा अनुदान वितरण कार्यक्रम दोब्बरले वृद्धि भएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा कृषकलाई रु ४३ लाख ७३ हजार अनुदान वितरण गरिएको थियो । अधिकारीले उत्पादनका आधारमा अनुदान दिने नीतिले दुग्ध उत्पादनतर्फ कृषक आकर्षित भएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "दुग्ध उत्पादनमा कृषकलाई आकर्षित गराउने उद्देश्यसहित प्रतिलिटर रु तीनका दरले अनुदान वितरण गरेका छौँ।"


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

**हार्दिक समवेदना**



जन्मः
वि.स. १९९५

स्वर्गारोहणः
वि.स. २०८२/०८/०८ गते

**स्वः हुममाया भूजेल**

श्री जनकल्याण समिति पोखरा-१३, का आजिवन सदस्य धन बहादुर भूजेल तथा यस संस्थाका शुभचिन्तक मिन बहादुर भूजेलकी ममतामयी माता, इन्द्रा भूजेल र इश्वरी भूजेलकी सासुआमा, खड्क बहादुर भूजेलकी श्रीमती सामाजिक धार्मिक व्यक्तित्व **हुममाया भूजेल**को ८७ वर्षको उमेरमा भएको असामयिक निधनले हाम्रो यस जनकल्याण समिति परिवार अत्यन्तै मर्माहित र स्तब्ध भएका छौं। आज १३ औं दिनको पुण्य तिथिका दिवंगत आत्माको चिरशान्तिको कामना सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारणा गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

शान्ति देवी के.सी.
महासचिव

एवम्

शिव बहादुर के.सी.
अध्यक्ष

**श्री जनकल्याण समिति परिवार**
**पोखरा-१३, सिद्धको स्थान**


# गौरी शंकर बचत तथा ऋण सहकारीको वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ मंसिर




गौरी शंकर बचत तथा ऋण सहकारी संस्था लि. को २० औ वार्षिक साधारण सभा शुक्रवार देखि सुरु भएको छ।

संस्थामा शेयर सदस्य संख्या ठुलो भएकाले सहकारी विभाग र राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी गरिएको साधारण सभा सञ्चालन जारी निर्देशन बमोजिम विभिन्न स्थानमा इकाई सभाहरू सम्पन्न गरी अन्तिममा प्रतिनिधि सदस्यहरू मार्फत सभाको निर्णय प्रमाणीकरण गर्ने गरी वार्षिक साधारण सभा शुभारम्भ गरिएको हो । यसै अन्तर्गत शुक्रवार पोखरा-२५ हेमजाको साबिक वडा नं. ६,७, ८ र अन्नपूर्ण गाउँ पालिकाका शेयर सदस्यहरूको सहभागितामा साधारण सभा आयोजना गरिएको हो ।

शुक्रवार नै पोखरा वडा नं. २५ बाहेकका अन्य सबै वडाको पनि साधारण सभा सम्पन्न गरिएको छ । त्यसै गरी शनिवार पोखरा-२५ हेमजा साबिक वडा नं. ९ र माछापुच्छ्रे गाउँपालिका, पोखरा-२५ हेमजाका साविका वडा १,२,३,४ र ५ को साधारण सभा हुने भएको छ।

'संस्थाको सदस्य संख्या ठुलो भएको कारण सहजका लागि हामीले इकाई सभा आयोजना गरेका हौं' अध्यक्ष पौडेलले भने, 'प्रत्येक इकाई सभामा प्रतिवेदन उपर छलफल गरी इकाई सभाबाट आएका सुझावलाई प्रमाणित सभामा अनुमोदन गरिने छ ।' यस पटक संस्थाको नयाँ सञ्चालक समिति पनि चयन गर्ने कार्यक्रम रहेकोले नयाँ सञ्चालक समितिको नाम सर्वसम्मत टुंगो लागेको निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता माधवराज बास्तोलाले जानकारी दिए ।

संस्थाको वार्षिक साधारण सभाको संस्थापक अध्यक्ष डबल बहादुर कुँवर, कास्की जिल्ला बचत संघका कोषाध्यक्ष तथा संस्थाका निवर्तमान अध्यक्ष केशव शरण पौडेल र संस्थाका अध्यक्ष रुद्रनाथ पौडेलले संयुक्त रूपमा उद्घाटन गरेका थिए।

कार्यक्रममा संस्थाका अध्यक्ष पौडेल, सचिव घनश्याम तिम्सिना, कोषाध्यक्ष विष्णु प्रसाद पौडेल, लेखा सुपरिवेक्षण समिति संयोजक टिकाराम बास्तोलाले आ-आफ्नो प्रतिवेदन प्रस्तुत गरेका थिए । उक्त कार्यक्रममा संस्थाका कार्यकारी अधिकृत डम्बरसिंह बस्नेत शेयर सदस्यका काम कर्तव्य र अधिकार, सहकारीको वित्तीय विवरण, नियमनकारी निकायको निर्देशनका बारेमा जानकारी गराएका थिए।

गौरी शंकर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रुद्रनाथ पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष खड्गबहादुर कार्की सचिव घनश्याम तिम्सिना, शेयर सदस्य भीम प्रसाद श्रेष्ठले बोलेका थिए।

# तनहुँमा धान उत्पादन बढ्यो

**पोखरापत्र संवाददाता**
तनहुँ, १९ मंसिर

यो वर्ष तनहुँमा धान उत्पादन बढेको छ । कृषि विकास कार्यालयका अनुसार जिल्लामा ३५ हजार ४२२ मेट्रिक टन धान उत्पादन भएको छ।

आठ हजार ५१२ हेक्टरमा सावित्री, राम, सुक्खा ३, मकवानपुर १, सावा मन्सुली, कालो मसिनो, हाइब्रिड (वर्णशङ्कर) जातका धान उत्पादन भएका हुन् । गत आर्थिक वर्षमा आठ हजार १२० हेक्टरमा खेती गरिएकामा ३३ हजार २९२ मेट्रिक टन उत्पादन भएको थियो। जिल्लाको १३ हजार ५५१ हेक्टर खेतीयोग्य जमिन बाँझो रहेको उक्त कार्यालयका सूचना अधिकारी किरण परियारले राससलाई बताउनुभयो । छ हजार ३४७ हेक्टरमा सिँचाइ सुविधा उपलब्ध छ भने सात हजार २३६ हेक्टरमा मौसमी सिँचाइको व्यवस्था छ। हालैको बेमौसमी वर्षाले रु एक करोड बराबरको क्षति भएको उहाँले बताउनुभयो।